नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

# भूकम्प आपतकालिन सहायता आयोजना

## जिल्ला आयोजना कार्यान्वयन इकाई

लमजुङ

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धि राय सुझावका लागि सार्वजनिक सूचना

**(प्रकाशित मिति २०७२/१२/१८)**

भूकम्प आपतकालिन सहायता आयोजना (EEAP) एशियाली विकास बैंकको सहुलियतपूर्ण ऋण सहयोग, स्वीस विकास सहयोग नियोगको अनुदान र प्राविधिक सहयोग तथा नेपाल सरकारको लगानीमा स्थानीय सडक पुर्ननिर्माण तथा पुर्नस्थापन गर्न जिल्ला विकास समितिको कार्यालय, लमजुङ प्रस्तावक रहेको निम्न सडकहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन कार्यान्वयन गर्ने सिलसिलामा वातावरण संरक्षण नियमावली २०५४ (पहिलो संशोधन, २०५५) को नियम ७ (२) अनुसार यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | प्रस्तावीत सडकको नाम | प्रभावीत गा.वि.स. र नगरपालिका | प्रस्तावको विवरण |
|---|---|---|---|
| १ | भोटेओडार-बेलघारी-भार्ते-गौंडा | सुन्दर बजार नगरपालिका, भार्ते र गौंडा गा.वि.स.हरु | प्रस्तावित सडक सुन्दर बजार नगरपालिकाको भोटेओडारबाट शुरु भई गौंडा गा.वि.स.को गौंडामा टुंगिन्छ । यस सडकको जम्मा लम्बाई १७.४५ कि.मि. र नाली सहितको चौडाइ ६.२५ मि. रहेको छ । |
| २ | बेलघारी-अर्चलबोट-लामाबगर-सेराबजार-जितौरे- पाचोक | भार्ते, अर्चलबोट, श्रीमज्याङ, नौथर र पाचोक गा.वि.स.हरु | प्रस्तावित सडक भार्ते गा.वि.स.को बेलघारीबाट शुरु भई पाचोक गा.वि.स.को पाचोकमा टुंगिन्छ । यस सडकको जम्मा लम्बाई १०.९८ कि.मि. र नाली सहितको चौडाइ ६.२५ मि. रहेको छ । |

उक्त प्रस्तावको कार्यान्वयन बाट वातावरणमा पर्न सक्ने प्रभावको बारेमा सम्बन्धित गा.वि.स., विद्यालय, स्वास्थ चौकी, वन उपभोक्ता समिति तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाले यो सूचना २०७२/१२/१८ मा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो राय सुझाव पठाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ । साथै यसै बमोजिमको राय सुझाव स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, पुल्चोक र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरवार, काठमाण्डौंमा पनि पठाउन सकिनेछ ।

## राय सुझाव पठाउने ठेगाना :


**जिल्ला विकास समितिको कार्यालय,**
**लमजुङ**
**टेलिफोन नं.: ०६६(५२०१४४**
**फ्याक्स् नं. : ०६६(५२०१४३**

**जिल्ला प्राविधिक कार्यालय**
**जिल्ला आयोजना कार्यान्वयन इकाइ,**
**लमजुङ**
**टेलिफोन नं.:०६६(५२०१०७**
**फ्याक्स् नं.: ०६६(५२०१०२**

**भूकम्प आपतकालिन सहायता आयोजना**
**केन्द्रिय आयोजना कार्यान्वयन इकाइ,**
**ललितपुर**
**टेलिफोन नं.:०१(५५३२३३१**
**ईमेल : eeapdolidar@gmail.com**